**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. ३९१**

**पुनरावेदन नं. ०७७-RB-००७३**

**मुद्दाः– आयकर (२०७२/०७३) ।**

| | |
|---|---|
| सुनसरी जिल्ला दुहबी न.पा. वडा नं. ८ मा कारखाना र जिल्ला मोरङ्ग बिराटनगर महानगरपालिका वडा नं. ७ स्थित पशुपति खाद्यतेल उद्योग प्रा.लि. (स्थायी लेखा नं. ३०००१६४१५) को तर्फबाट अख्तियार प्राप्त संचालक अध्यक्ष श्रीनिवास सारडा ........................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................................१<br>महानिर्देशक, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ..............................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री गंगाराम गेलाल

शुरु कार्यालयको निर्णय मितिः–२०७४/०६/३०

**प्रशासकीय पनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, काठमाण्डौ

निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री विनोद बहादुर कुँवर

शुरु कार्यालयको निर्णय मितिः–२०७६/०९/२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री दिपक घिमिरे

प्रत्यर्थीको तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

पुनरावेदक करदाताको हकमा ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट मिति २०७४/०६/३० मा भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजश्व विभागका महानिर्देशकबाट मिति २०७६/०९/२५ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट परेको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता पशुपति खाद्यतेल उद्योग प्रा. लि.ले आ.व. २०७२/०७३ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु.१,६४,५९,८०२।५१ करयोग्य आय कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७३/९/२८ मा विवरण पेश गरेको ।

२. आ.व. २०७२/०७३ लागि ठूला करदाता कार्यालयवाट कर परीक्षण हुँदा करदाताबाट पेश हुन आएका आय विवरण साथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको आ.व. २०७२।७३ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाइने खर्च कट्टी दावी गरेकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निधारण गर्ने प्रयोजनको लागि संशोधित कर योग्य आय रू.४,१८,४१,४५६।- कायम गर्नुपर्ने तथा भुक्तानीमा कर कट्टी गर्नु पर्नेमा कर कट्टी नगरेको र कर कट्टी गरेको रकम आयकर ऐन, २०५८ ले तोकेको समयमा राजस्व दाखिला गरेको नपाइएकोले कर तथा व्याज निर्धारण गर्नु पर्ने भएकोले उल्लेखित बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध) भित्र पेश गर्न आयकर ऐन, २०५८ को १०१ (६) र दफा ९० (८) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७४।०५।२५ मा जारी भएको सूचना ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०५।२५ मा जारी भएको सूचना करदाताले मिति २०७४।०५।२७ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७४।०६।०६ मा पेश गरेको ।

४. प्रस्तुत करदाताको आ.व. २०७२/०७३ को लागि रू.४,१८,४१,४५६।- करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण

गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४/०६/३० मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४/०६/३० मा जारी गरेको आ.व. २०७२/०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी पशुपति खाद्यतेल उद्योग प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०७/२८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. आ. ब. २०६८/०६९ को संशोधित कर निर्धारणको निर्णय उपर चित्त नबुझी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन गरी विचाराधीन भनिएको सम्बन्धमा राजस्व न्यायाधिकरणबाट फैसला हुँदाका बखत कानून बमोजिम कारवाही हुने नै हुँदा आर्थिक बर्ष २०७१/०७२ को सन्दर्भमा कार्यालयबाट कायम भएको नोक्सानी भन्दा बढी नोक्सानी कट्टी दिन मिल्ने देखिदैन। तसर्थ बढी समायोजन गरेको नोक्सानी रु.५,७९,३६,२४३।— ऐनको दफा २० को उपदफा (१) बमोजिम खर्च कट्टी नपाउने भनी कार्यालयबाट भएको संशोधित कर निर्धारण कानूनसम्मत भएको देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७६/०९/२५ मा भएको निर्णय।

७. ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको निर्णयमा अघिल्लो आ.व. २०६५/०६६, २०६६/०६७, २०६७/०६८, र २०६८/०६९ को नोक्सानी आयकर ऐन, २०५८ को दफा २० बमोजिम घटाउन पाउनेमा सोलाई अमान्य गरी ठूला करदाता कार्यालयबाट भएको आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत त्रुटिपूर्ण हुँदा सो समेत बदर गरी पाउँ भन्ने समेत व्यहोराको करदाता पशुपति खाद्यतेल उद्योग प्रा.लि.को तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७/०४/३२ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/१२/२७ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता पशुपति खाद्य तेल उद्योग प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री दिपक घिमिरेले बढी समायोजन गरेको

नोक्सानीको खर्च कट्टी नपाउने भनी ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत त्रूटिपूर्ण रहेको हुँदा बदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१२. निर्णय तर्फ विचार गर्दा, करदाताले आफ्नो पुनरावेदन पत्रमा ठूला करदाता कार्यालयबाट आ.ब २०७२/०७३ को संशोधित कर निर्धारण गर्दा बढी समायोजन गरेको नोक्सानी रु.५,७९,३६,२४३।- खर्च कट्टी अमान्य गरेको कानूनसम्मत नरहेको जिकीर लिएको देखिन्छ। करदाताको आ.व.२०७१।०७२ को संशोधित कर निर्धारणबाट रु.३,२६,९८,०१७।- नोक्सानी कायम भएको स्थितिमा करदाताले सो भन्दा बढी रु.९,०६,३४,२६०।- नोक्सानी भनी यस आ.ब. २०७२/०७३ मा खर्च कट्टी गर्न दावी गरेको देखिन आयो। आ.व.२०७१।०७२ को संशोधित कर निर्धारण आदेश सम्बन्धमा परेको यिनै करदाता पुनरावेदक रहेको ०७७-RB-००७२ को आयकर मुद्दामा आज यसै इजलासबाट शुरु निर्णय सदर भई फैसला भएको हुँदा आ.ब. २०७१/०७२ को करदाताको नोक्सानी रु.३,२६,९८,०१७।- अन्तिम रुपमा कायम हुन आएको छ। यसरी अघिल्लो आ.व. मा कायम नै नरहेको रु.९,०६,३४,२६०।- नोक्सानी कट्टी हुनुपर्ने भन्ने करदाताको उक्त जिकीर मनासिव नदेखिंदा बढी दावी गरेको रु.५,७९,३६,२४३।- नोक्सानी खर्च कट्टी अमान्य गरी ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मनासिब नै देखियो।

१३. तसर्थः माथि विवेचित आधार एवं कारण समेतबाट करदाता श्री पशुपति खाद्य तेल उद्योग प्रा. लि. (स्थायी लेखा नं.५०००१६४१५) को आ.व.२०७२।०७३ को ठूला करदाता

कार्यालय ललितपुरबाट संशोधित कर निर्धारण गरी मिति २०७४।०६।३० मा जारी गरेको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६/०९/२५ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः भिष्म भट्टराई
ईति सम्वत् २०८० साल जेष्ठ ७ गते रोज १ शुभम् ---------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण भएको मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप